कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: [illegible]
दर्ता मिति: २०७७।११।२६

# अपाङ्गता भएका बालबालिकाको संरक्षणको लागि स्थापना भएका बालगृहलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७७

<u>प्रस्तावना</u> : नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन, २०७५ तथा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ बमोजिम विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने प्रयोजनको लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले आवश्यकता अनुसार बाल गृहको स्थापना गर्न सक्ने व्यवस्था भए अनुरुप सबै स्थानीय तहमा यस्ता बालगृहहरु क्रियाशिल नभएसम्मका लागि अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका र बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिस अपाङ्गता भएका बालबालिकाको संरक्षण गर्ने बाल गृहलाई त्यस्ता बालबालिकाहरुलाई संरक्षण गरेबापत सहकार्य गरी आवश्यक अनुदान सहयोग रकम उपलब्ध गराई त्यस्ता बालबालिकाको पालन पोषण, हेरचाह तथा स्याहार गर्नु वाञ्छनीय भएकोले,

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८६ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस कार्यविधिको नाम "अपाङ्गता भएका बालबालिकाको संरक्षणको लागि स्थापना भएका बालगृहलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "अपाङ्गता भएका बालबालिका" भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ३(१) तथा अनुसूची बमोजिमको उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ ।

(ख) "विशेष संरक्षणको आवश्यकता भएका बालबालिका" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ को उपदफा (१) को खण्ड (क), (ख), (छ), (झ) र (ट) बमोजिमका बालबालिका सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

(घ) "परिषद" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ बमोजिमको राष्ट्रिय बाल अधिकार परिषद् सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले दफा १४ बमोजिमको बाल गृह छनौट तथा मूल्याङ्कन गर्न गठित सिफारिस समिति सम्झनु पर्छ ।



सचिव

## परिच्छेद-२

## उद्देश्य, आधारभूत सिद्धान्त र लक्षित बालबालिका

३. **उद्देश्यः** अपाङ्गता भई विशेष संरक्षणको आवश्यकता भएका र घर परिवारबाट वेवारिस छाडिएका, सडकमा अलपत्र परेका वा अनाथ बालबालिकाको संरक्षण गर्ने बाल गृहसँग सहकार्य गर्न त्यस्ता बाल गृहलाई आवश्यकतानुसार अनुदान उपलब्ध गराउने ।

४. **आधारभूत सिद्धान्तः** यस कार्यविधिको आधारभूत सिद्धान्त देहाय बमोजिम रहेको छः-

(क) बाल अधिकारको सम्मान,

(ख) बाल संरक्षण,

(ग) बालबालिकाको सर्वोत्तम हित,

(घ) भेदभाव रहितता ।

५. **लक्षित बालबालिकाः** अपाङ्गता भएका र विशेष संरक्षणको आवश्यकता भएका तर घर परिवारबाट त्यागिएका तथा अलग्गिएर बेवारिस भएका बालबालिका ।

## परिच्छेद-३

## अनुदान सहयोग, सहकार्य, मापदण्ड तथा दायित्व सम्बन्धी व्यवस्था

६. **अनुदान सहयोगको व्यवस्थापनः** प्रत्येक आर्थिक वर्षका लागि राष्ट्रिय बाल अधिकार परिषद्को बाल समिति कार्यक्रम वा वैदेशिक सहयोगमा सञ्चालित बाल अधिकार संरक्षण र प्रवर्धन सम्बन्धी कार्यक्रममा विनियोजित तथा बाल कोष जस्ता स्रोतबाट प्राप्त रकमबाट अनुदान सहयोगको व्यवस्थापन गरिनेछ।

७. **अनुदान सहयोग रकम प्राप्त तथा सहकार्य गर्न आवश्यक हुने आधारभूत मापदण्डः** (१) यस कार्यविधि बमोजिम अपाङ्गता भएका बालबालिकालाई आवासीय रूपमा संरक्षण गर्ने देहाय बमोजिमका बाल गृहलाई त्यस्तो बाल गृहले सहयोगका लागि आवेदन दिएमा र सम्बन्धित स्थानीय तहले नेपालको संविधानको अनुसूची -८ को क्र.सं. १६ बमोजिम अपाङ्गता भएका बालबालिकाको व्यवस्थापन सम्बन्धी व्यवस्था पूर्ण रूपमा कार्यान्वयन गर्न नसकेको अवस्थामा प्रदेश वा नेपाल सरकारका निकायलाई विवरण खुलाई आर्थिक सहयोगको लागि सिफारिस गरेमा प्रत्येक आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम सीमाभित्र रही अनुदान सहयोग रकम उपलब्ध गराउन र आर्थिक सहयोग रकमको लागि देहाय बमोलिमको बिबरन्हारू संलग्न गरि सम्बन्धित निकायमा निवेदन दिन सक्नेछन् :-

(क) प्रचलित कानून बमोजिम संस्था दर्ता तथा नवीकरण भएको,

(ख) कम्तीमा १५ जना बालबालिका राख्न सक्ने क्षमता भएको,

(ग) बाल गृह सञ्चालन अनुमति प्राप्त तथा नवीकरणको प्रतिलिपी,

(घ) समाज कल्याण परिषद् वा सम्बन्धित निकायमा आवद्धको प्रतिलिपी,

(ङ) बाल गृहले संस्थागत रूपमा छुट्टै बाल संरक्षण मापदण्ड निर्माण तथा स्वीकृत गरी लागू गरेको भए सोको प्रतिलिपी,

(च) स्थायी लेखा नं. (पान नं.) को प्रतिलिपी,

(छ) अघिल्लो आर्थिक वर्षको आय-व्ययको लेखा परीक्षणको प्रतिलिपी,

(ज) अपाङ्गतामैत्री भौतिकपूर्वाधार भएको,

२॥८॥१

सचिव

(झ) बालमैत्री बाल गृह वा पुनर्स्थापना केन्द्र भएको सञ्चालन गर्न उपयुक्त स्थान र अवश्यक पूर्वाधारहरुको व्यवस्था भएको ,

(ञ) कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी,

(ट) अन्य माग गरिएका कागजात भए सो समेत ।

(२) उल्लेखित कागजातहरुका अलवा अवश्यकता अनुसार अन्य कागजात समेत माग गर्न सकिनेछ ।

८. <u>अनुदान सहयोग रकमको उपयोग तथा सीमा:</u> (१) यस कार्यविधि बमोजिम अपाङ्गता भएका बालबालिकाको आवासीय रूपमा पालन पोषण, हेरचाह, स्याहार, शिक्षा, स्वास्थ्य, मनोपरामर्श, थेरापी लगायतका संरक्षण सेवाप्रदान गर्ने प्रचलित कानून तथा दफा ७ बमोजिमको सञ्चालन भएका बाल गृहले सहयोगका लागि विवरण संलग्न गरी अनुदान रकम उपलब्ध गराउन निवेदन दिएमा प्रत्येक आर्थिक वर्ष स्वीकृत वार्षिक कार्यक्रमको सीमाभित्र रही कूल लागत रकमको साठी प्रतिशतमा नबढाई कार्य सम्पादन सम्झौता गरी देहाय बमोजिमको अनुदान सहयोग उपलब्ध गराउन सकिनेछः-

(क) २५ जनासम्म अपाङ्गता भएका बालबालिकाको लागि प्रति बालबालिका प्रति महिना रू. सात हजार पाँचसय कूल लागत कायम गरी बढीमा रू. चार हजार पाँच सय रुपैयाँसम्म,

(ख) ५० जनासम्म अपाङ्गता भएका बालबालिकाको लागि प्रति बालबालिका प्रति महिना रू. सात हजार कूल लागत कायम गरी बढीमा रू. चार हजार दुई सय रुपैयाँसम्म,

(ग) ५० जनाभन्दा बढी संख्यामा अपाङ्गता भएका बालबालिकाको लागि प्रति बालबालिका प्रति महिना रू. छ हजार पाँच सय कूल लागत कायम गरी बढीमा रू. तीनहजार नौ सय रुपैयाँसम्म,

(घ) खण्ड (क), (ख) र (ग) मा उल्लिखित अपाङ्गता भएका बालबालिकाले प्रचलित नियमानुसार अपाङ्गता भत्ता तथा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने गरेको भए सोमा नपुग हुने अनुदान सहयोग रकमको साठी प्रतिशतले हुने रुपैयाँसम्म,

(ङ) खण्ड (क), (ख) र (ग) बमोजिमको अनुदान सहयोग रकममा परिषद्को प्रशासकीय प्रमुखले प्रत्येक आर्थिक वर्षमा बजारभाउ तथा महंगी बढेको आधारमा बढीमा पाँच प्रतिशतसम्म अनुदान रकम बढाइ उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुदान रकमबाट बाल गृहमा रहेका अपाङ्गता भएका बालबालिकाको लागि मात्र देहाय बमोजिम खर्च गर्नुपर्नेछः-

(क) बाल गृहमा बस्ने बालबालिकालाई मापदण्डमा तोके बमोजिमको खाना, खाजा, लत्ताकपडा, स्वास्थ्य उपचार लगायतका सेवा सुविधा वापतको खर्च,

(ख) बाल गृहमा रहने अपाङ्गता भएका बालबालिकाको लागि तोकिएको ७ जना बालबालिका बराबर एकजना बराबर स्याहारकर्ता लगायतको पारिश्रमिक,

(ग) बाल गृहको सवारी साधन वा भाडाको सवारी साधनबाट असक्त, असहाय, अपाङ्गता भएका बालबालिकाको आवागमनको व्यवस्था मिलाउन हुने खर्च र

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

Dahal

सचिव

(घ) अपाङ्गता भएका बालबालिकाको लागि तोकिए बमोजिम मापदण्ड अनुसारको फिजियोथेरापिष्ट, चिकित्सक, मनोसामाजिक विमर्शकर्ता लगायत व्यवस्थापन वापतको खर्च ।

(३) अपाङ्गता भएका बालबालिका संरक्षण गर्ने बाल गृह तथा पुनर्स्थापना केन्द्रमा हुनु पर्ने भौतिक तथा अन्य अवश्यक पूर्वाधार, सञ्चालन तथा व्यवस्थापन मापदण्ड नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

तर नेपाल सरकारले मापदण्ड निर्धारण नगरे सम्मको लागि परिषद्को प्रशासकीय प्रमुखले सो सम्वन्धी अवश्यक कार्ययोजना बनाई लागु गर्न सक्नेछ ।

९. <u>अनुदानका लागि निवेदन दिनु पर्नेः</u> (१) बाल गृहले दफा ७ बमोजिमको विवरण उल्लेख गरी अनुदान सहयोग उपलब्ध गराउन परिषद्मा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि परिषद्ले सम्बन्धित बाल गृहसँग सहकार्य गर्न तथा अनुदान वितरणका लागि कम्तीमा १५ दिनको अवधि राखी सार्वजनिक सूचना प्रकाशन गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदनमा अनुसूची -१ बमोजिमको विवरण र कागजातको प्रमाणित प्रतिलिपिहरु संलग्न गर्नु पर्नेछ ।

(४) बाल गृहले उपदफा (१) बमोजिम पेश भएको निवेदनमा सम्बन्धित स्थानीय तहको सिफारिस, कार्यक्रम सम्बन्धी प्रस्ताव, आश्रित बालबालिकाको विवरण, प्रस्ताव गरिएको कार्यक्रमको कूल लागतमध्ये सम्बन्धित स्थानीय तह र बाल गृहले व्यहोर्ने हिस्सा खुलाई परिषद्ले तोकेको अन्य आवश्यक कागजात लगायत अनुसूची -२ बमोजिमको अवधारणा-पत्र पेश गर्नु पर्नेछ ।

१०. <u>अनुदान उपलब्ध नराइनेः</u> यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका बाल गृह तथा पुनर्स्थापना केन्द्रलाई अनुदान उपलब्ध गराइने छैनः-

(क) प्रचलित कानून तथा मापदण्ड बमोजिम अपाङ्गता भएका बालबालिका राखेको नदेखिएमा,

(ख) अपाङ्गता नभएका बालबालिका राखेको देखिएमा,

(ग) अनुदान प्राप्त गरेको आर्थिक वर्षको भौतिक प्रगति र वित्तीय खर्चको विवरण पेश गरेको नदेखिएमा,

(घ) सहकार्यमा सञ्चालन गरेको कार्यक्रम अनुगमनको क्रममा सन्तोषजनक रुपले सञ्चालन गरेको नदेखिएमा,

(ङ) निवेदनसँगै पेश गर्नु पर्ने कागजात एवम् सम्पूर्ण विवरण पेश गरेको नदेखिएमा,

(च) सरकारी निकायलाई तिर्नु बुझाउनु पर्ने रकम बाँकी रहेको देखिएमा,

(छ) अनुदान प्राप्त आर्थिक वर्षको प्रगति प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन समयमै पेश गरेको नदेखिएमा, ।

११. <u>अनुदान प्राप्त गर्ने बाल गृहको दायित्वः</u> अनुदान प्राप्त बाल गृहले देहायको दायित्व वहन गर्नु पर्नेछः-

(क) प्राप्त अनुदान रकम नेपाल सरकारको सरकारी लेखा प्रणाली अनुसार लेखा राखी प्रचलित कानून र आर्थिक कार्यविधि कानून बमोजिम खर्च गर्नुपर्नेछ ।

(ख) प्रत्येक चौमसिक अवधिको खर्चको विवरण, भौतिक प्रगति विवरण चौमासिक सकिएको ३ गतेभित्र परिषद्मा पठाउने गरी ...

सचिव २।८।३१

(ग) प्राप्त अनुदान रकमको उपयोग कार्य सम्पादन सम्झौताबमोजिम गर्नु पर्नेछ ।

(घ) आर्थिक वर्ष समाप्त भएको असोज महिनाभित्र महालेखा परीक्षकबाट स्वीकृत रजिष्टर्ड लेखा परीक्षक वा चार्टर एकाउण्टेण्ट संस्थाबाट लेखा परीक्षण गरी लेखा परीक्षण प्रतिवेदन र त्यस उपर संस्थाको प्रतिक्रिया सहितको प्रतिवेदन परिषद्मा पेश गर्नु पर्नेछ।

(ङ) प्रचलित कानून तथा मापदण्ड बमोजिम बाल गृह तथा पुनर्स्थापना केन्द्र सञ्चालन गरेको हुनु पर्नेछ ।

(छ) प्रचलित कानून बमोजिमको कर कट्टी गरी दाखिला गरेको हुनु पर्नेछ ।

## परिच्छेद-४

## अपाङ्गता भएका बालबालिका संरक्षण, व्यवस्थापन र बाल गृह छनौट कार्यविधि

१२. **बाल गृहको संरक्षणमा रहन सक्ने अपाङ्गता भएका बालबालिका:** यस कार्यविधि बमोजिम अपाङ्गता भएका बालबालिकालाई देहाय बमोजिमका अवस्था र प्रक्रिया अनुसार आवासीय बाल गृहमा संरक्षणको लागि राखिएमा मात्र अनुदान सहयोग रकम प्रदान गर्न सकिनेछः-

(क) सम्बन्धित स्थानीय तहले सर्वोत्तम हितका लागि व्यवस्थापनको क्रममा सिफारिस गरेका वा बाल कल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्था गर्दा अन्तिम उपायका रूपमा प्राथमिकता तोकी बाल गृहमा सिफारिस गरेका,

(ख) मन्त्रालय वा परिषद् वा बालबालिका खोजतलास समन्वय केन्द्र तथा नेपाल प्रहरीले तत्काल अस्थायी संरक्षण सेवा प्रबन्ध गर्न सिफारिश गरेका,

(ग) बालबालिकाको सर्वोत्तम हितका लागि बाल अदालत/अदालत/बाल इजलासले निजको घर परिवारबाट अलग गर्न आदेश गरेका,

तर यो कार्यविधि लागू हुनुभन्दा अगाडि आवासीय बाल गृहको संरक्षणमा रहेका अपाङ्गता भएका बालबालिकाको हकमा भने उल्लिखित खण्डहरू लागू हुने छैनन् ।

१३. **बाबुआमा वा बाबु वा आमा भएका बालबालिकालाई परिवारमा पुनर्मिलन गर्नु पर्ने:** यो कार्यविधि लागू हुनुभन्दा अगाडि बाबुआमा वा बाबु वा आमा भएका बालबालिका आवासीय बाल गृहको संरक्षणमा रहेका भए त्यस्ता बालबालिकालाई सम्बन्धित बाल गृहले नै यो कार्यविधि लागू भएको एक वर्षभित्र सम्बन्धित घर परिवारमा नै पुनर्मिलन गराउनु पर्नेछ ।

तर बालबालिकाको सर्वोत्तम हितका लागि बाल अदालत/ बाल इजलासले आदेश गरेका वा बाल कल्याण अधिकारीले निश्चित अवधि तोकी अस्थायी संरक्षण सेवामा राख्ने व्यवस्था गरेका बालबालिका बाहेक कसैले पनि अपाङ्गता भएका बालबालिकालाई परिवारबाट अलग्याएर बाल गृहमा राख्न नहुने भएकोले बाल गृहले त्यस्ता बालबालिकालाई सम्बन्धित परिवारमा पुनर्मिलन गराउनु पर्नेछ।

१४. **बाल गृह छनौट तथा मूल्याङ्कन सिफारिस समिति सम्बन्धी कार्यविधिः** (१) दफा ९ बमोजिम अनुदानका लागि परिषद्मा निवेदन दर्ता हुन आएका बाल गृहलाई परिषद्ले वजेटको सीमा एवम् कार्यक्रमको आवश्यकताको आधारमा अनुदानको लागि छनौट गर्न परिषद्मा देहाय बमोजिमको बाल गृह छनौट तथा मूल्याङ्कन सिफारिस समिति रहनेछः-

(क) प्रशासन तथा योजना शाखा प्रमुख -संयोजक

(ख) सम्बन्धित कार्यक्रम हेर्ने अधिकृतस्तर कर्मचारी -सदस्य

२।५।३।

सचिव

(ग) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

(२) समितिले आवश्यकता अनुसार बैठकमा विज्ञ तथा सम्बन्धित विषयसँग सम्बन्धित अन्य कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिले प्राप्त निवेदनमा संलग्न विववरणको मूल्याङ्कन कूल १०० अंकमा अनुसूची -३ बमोजिम विभाजन गरी मूल्याङ्कन गरिएको तालिका विवरण समेत संलग्न राखी प्रशासकीय प्रमुख समक्ष सिफारिस गर्नु पर्नेछ ।

(४) समितिले सिफारिस गरेका बाल गृहहरु मध्ये प्रशासकीय प्रमुखबाट स्वीकृत भए बमोजिमका बाल गृहलाई सहकार्य स्वरूप अनुदान सहयोग रकम पेश्की तथा भुक्तानी गरिनेछ ।

(५) बाल गृह छनौट सम्बन्धी अन्य आवश्यक विधि र प्रक्रिया समिति आफैले निर्धारण गर्न सक्नेछ ।

१५. <u>अनुगमन सम्बन्धी व्यवस्थाः</u> (१) यो कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने बाल गृह तथा पुनर्स्थापना केन्द्रले अनुदानको उपलब्ध रकम सही उपयोग गरे नगरेको सम्वन्धमा परिषद्ले आवश्यकता अनुसार अनुगमन गर्ने ।

(२) अनुगमनको क्रममा दिइएका निर्देशनको पालना गर्नु सम्वन्धित बालगृह तथा पुनर्स्थापना केन्द्रको कर्तव्य हुनेछ ।

## परिच्छेद- ५

## विविध

१६. <u>प्रचलित कानून बमोजिम हुनेः</u> यस कार्यविधिमा उल्लेख भएका विषयको सम्बन्धमा यसै कार्यविधि बमोजिम अन्य विषयहरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

१७. <u>नमूना हुन सक्नेः</u> यस कार्यविधिलाई अपाङ्गता भएका बालबालिकाको संरक्षण तथा व्यवस्थापका लागि आर्थिक अनुदान सहयोग उपलब्ध गराउन प्रदेश सरकार र स्थानीय तहले नमूना कार्यविधिको रूपमा प्रयोग गर्न सक्नेछन् ।

१८. <u>संशोधन गर्न सक्नेः</u> <u>संशोधन सम्बन्धी व्यवस्थाः</u> यस मापदण्डमा उल्लेखित व्यवस्था संशोधन गर्ने अधिकार मन्त्रालयलाई हुनेछ।

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

## अनुसूची - १

(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)

**अनुदान प्राप्त गर्ने बाल गृहको निवेदनमा संलग्न हुनु पर्ने विवरण र कागजातहरूको प्रमाणित प्रतिलिपिहरु देहाय बमोजिम हुनु पर्नेछः-**

(क) सम्बन्धित स्थानीय तहको सिफारिस,

(ख) प्रचलित कानून बमोजिम संस्था दर्ता तथा नवीकरण प्रमाण-पत्र,

(ग) बाल गृह सञ्चालन अनुमति पत्र तथा नवीकरण प्रमाण-पत्र,

(घ) बाल गृह सञ्चालकहरुको व्यक्तिगत विवरण,

(ङ) संस्था तथा बाल गृहको अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,

(च) बाल गृहको भौतिक अवस्था देखिने विवरण,

(छ) बाल गृहको जनशक्तिको अवस्था,

(ज) बाल गृहको संक्षिप्त प्रोफाइल,

(झ) बाल गृह सञ्चालक समिति/व्यवस्थापन समितिले अनुदान माग गरेको निर्णयको प्रतिलिपि,

(ञ) संस्था तथा बाल गृहको विधान,

(ट) स्थानीय तह, प्रदेश सामाजिक विकास मन्त्रालय वा अन्य कुनै अन्तर्राष्ट्रिय गैर सरकारकारी संस्थाबाट व्यहोरिने सुनिश्चित भएको स्रोत सम्बन्धी विवरण,

(ठ) प्रस्तावित कार्यक्रममा प्रशासनिक खर्च कूल लागतको बढीमा ४०% भन्दा बढी नहुने सुनिश्चितता सहितको प्रस्तावित वजेट रकम विवरण,

(ड) समाज कल्याण परिषद् वा त्यस्तो निकायमा आवद्ध भएको प्रमाण-पत्र,

(ढ) स्वीकृत बाल संरक्षण मापदण्डको प्रतिलिपि,

(ण) स्थायी लेखा नं. (पान नं.) प्रमाण-पत्र,

(त) कर चुक्ता प्रमाण-पत्र,

(थ) संस्थाको अघिल्नो आर्थिक वर्षको वार्षिक प्रगति प्रतिवेदन

(द) परिषद्ले माग गरेका अन्य कागजात भए सो समेतको विवरण तथा प्रतिलिपि

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

२।८७८।

सचिव

अनुसूची - २

(दफा ९ को उपदफा (४) सँग सम्बन्धित)

अनुदान प्राप्त गर्ने बाल गृहले पेश गर्नुपर्ने अवधारणा पत्रको ढाँचा (२ पेजमा नबढाई)

(क) कार्यक्रमको नामः

(ख) प्रस्तावित कार्यक्रमको संक्षिप्त विवरणः

(ग) उद्देश्यः

(घ) बालगृहमा रहेका अपाङ्गता भएका बालबालिकाको प्रकार (कानूनमा तोकिएको दश वटा र अपाङ्गता परिचय-पत्र अनुसारको वर्गीकरण उल्लेख गर्ने):

(ङ) क्रियाकलापः

(च) कार्यक्रम अवधिः

(छ) अनुमानित कूल लागत रकमः

(१) स्थानीय निकायको अंश रू.

(२) बाल गृहको अंश रू.

(३) परिषद्बाट माग गरिएको अंश रू.

(ज) बालगृहले हाल सञ्चालन गरिरहेको कार्यहरुको आर्थिक तथा भौतिक क्रियाकलापहरुको विवरण संक्षेपमा उल्लेख गर्नेः

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
बालबालिका तथा ज्येष्ठ नागरिक
सिंहदरबार, काठमाडौं

सचिव

अनुसूची - ३

(दफा १४ को उपदफा (३) सँग सम्बन्धित)

<u>बालगृह छनौटका लागि आधारभूत मूल्याङ्कन तालिका विवरण</u>

(हरेक अंक भारलाई समितिले आवश्यकता र उपयोगिताको आधारमा सहायक मानकहरु तयार गर्न सक्नेछ)

<u>क्र.सं. संलग्न विवरणको अंक भार विभाजनः</u>

| क्र.सं. | विवरण | अंक भार |
|---|---|---|
| १ | प्रस्ताव र अवधारणा पत्रको मूल्याङ्कनः | १० |
| २ | बाल गृहको भौतिक संरचना | २० |
| ३ | बाल गृहमा रहेको जनशक्ति संख्या | १५ |
| ४ | बाल गृहले प्राप्त गरेको अनुभव वर्ष | १० |
| ५ | बाल गृहको सुशासनको अवस्थाः | १५ |
| ६ | बाल गृहको आन्तरिक स्रोत परिचालनको अवस्थाः | १५ |
| ७ | स्थानीय स्रोत साधन परिचालनको अवस्थाः | १५ |
| | जम्मा | १०० |

माथि उल्लिखित अंक विभाजन अनुसार न्यूनतम ६० अंक प्राप्त गर्न नसक्ने बाल गृह छनौट गरिने छैन ।

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव